# संघीय संरचना अनुसार स्थानीय तहमा निजी क्षेत्रको प्रतिनिधित्व तथा आपसी सहयोग अभिवृद्धिका लागि

# नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# र

# नेपाल उद्योग वाणिज्य महासंघ बीचको

# समझदारी पत्र

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघका बीच नेपालको संविधान तथा प्रचलित कानुनको अधिनमा रही संघीय संरचना अनुसार स्थानीय तहमा निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईहरू बीच आपसी सहयोग र सहकार्य गर्ने सम्बन्धमा तपशील बमोजिम गर्ने गराउने व्यवस्थाको लागि आजको मितिदेखि लागू हुने गरी यो समझदारी गरिएको छ ।

१. संघीय संरचना कार्यान्वयन भइरहेको सन्दर्भमा स्थानीय तहहरूमा वार्षिक योजना, कार्यक्रम र बजेट तर्जुमा, राजस्व परामर्श समिति लगायत विभिन्न समिति, उप-समिति, मञ्च, कार्यदलहरूमा निजी क्षेत्रको प्रतिनिधित्व/सहभागिता गराउँदा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्यसंघ/ इकाईको प्रतिनिधित्व हुने व्यवस्थाका लागि संयुक्त पहल गर्ने ।

२. उद्योग व्यवसाय क्षेत्रको लागि आवश्यक कच्चापदार्थ तथा उत्पादित सामग्रीहरूको विना झन्झट निर्वाध रूपमा आवागमनको लागि सहजीकरण गर्ने कार्यमा सम्बन्धित स्थानीय तह र जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईको आपसी सहयोगमा गर्ने/गराउने ।

३.	उद्योग धन्दाको प्रवर्द्धन र विकास निर्माणमा आवश्यक पर्ने प्राकृतिक साधन र स्रोतको समुचित प्रयोगमा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईसँग आपसी सहयोग प्रर्वद्धन गर्ने ।

४.	सामाजिक सुरक्षा सहितको श्रम लचकताको सिद्धान्त अंगीकार गर्दै सम्बन्धित तहको क्षेत्राधिकारभित्र सञ्चालन हुने उद्योग/व्यवसायमा सुमधुर श्रम सम्बन्ध कायम गराउन आपसी समन्वय एवं सहकार्य गर्ने ।

५.	प्रचलित कानून तथा नेपाल सरकारले जारी गरेको नियम, कार्यविधि तथा निर्देशिका तथा स्थानीय कानुनले मार्गदर्शन गरे अनुरूपका विभिन्न कृयाकलापहरुको समन्वय, सहयोग, सहजीकरण र अनुगमन तथा मूल्याङ्कनमा निजी क्षेत्रको प्रतिनिधित्व/संलग्नतामा बढी प्रभावकारी हुने अवस्थामा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईको सहभागिता गराई सहयोग पुऱ्याउन प्रोत्साहित गर्ने ।

६.	स्थानीयतहबाट प्रदान गरिने सेवा तथा सामाजिक सुरक्षाभत्ता लगायतका सुविधाहरूलाई बैंकिङ्ग प्रकृयाको माध्यमद्वारा प्रदानगर्ने व्यवस्थाका लागि नेपाल उद्योग वाणिज्य महासंघ र जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाई मार्फत आवश्यक समन्वय एवं सहयोग पुऱ्याउने ।

७.	स्थानीय तहमा सञ्चालन गरिने पूर्वाधार विकास, सहरी विकास योजना, बीमा, पर्यटन, वातावरण संरक्षण, जनस्वास्थ्य, विपदव्यवस्थापन, भू–उपयोग तथा जग्गा व्यवस्थापन, कर प्रशासन सुधार, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका बिषयहरूमा जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईसँग सहकार्य गर्ने कार्यलाई प्रोत्साहित गर्ने ।

८. स्थानीयस्तरमा सञ्चालन हुने विकास निर्माणको कार्यमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार जिल्ला तथा नगर उद्योग वाणिज्य संघसँग सहयोग एवं सहकार्य गर्ने कार्यलाई प्रोत्साहित गर्ने ।

९. स्थानीयस्तरमा उद्यमशीलताको विकास गर्न अनिवार्य भएको तथ्य प्रति विश्वास राख्दै यस सम्बन्धी कार्यक्रमहरू एक आपसमा समन्वयगरी स्थानीय तहमा कार्यक्रम अगाडि बढाउन प्रोत्साहित गर्ने ।

१०. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एबं आर्थिक रूपले पिछडिएका समुदायलाई व्यावसायिक क्रियाकलापहरू तर्फ उन्मुख गराउँदै तिनको सशक्तिकरण गरी संस्थागत सामाजिक जिम्मेवारी (Corporate Social Responsibility-CSR) बहन गर्ने कार्यमा केन्द्रस्तर एवं स्थानीय तहमा आपसी समन्वय तथा सहयोग गर्ने ।

११. स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक मामिलामा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने गराउने सवालहरूमा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईहरूको प्रतिनिधित्व एवं सहकार्य गर्ने कार्यलाई प्रोत्साहित गर्ने ।

१२. लघु, घरेलु तथा साना उद्योग व्यवसायको स्थापना, विकास विस्तार तथा बजारीकरण जस्ता कार्यमा स्थानीयतह सँग सहकार्य गर्ने ।

१३. स्वदेशी कच्चापदार्थमा आधारित तुलनात्मक लाभ भएका उद्योगहरूलाई बढावा दिई रोजगारी श्रृजनागर्न यस्ता उद्योगहरूको प्रवर्द्धन र विकासमा आपसी सहयोग अभिवृद्धि गर्दै उद्यमीको क्षमता अभिवृद्धि एवं सीपविकास गर्न स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक प्रशिक्षण प्रवर्द्धन गर्ने/गराउने ।

१४. स्थानीय तहले नेपालको संविधानद्वारा प्रदत्त एकल एवं साझा अधिकार अन्तर्गत प्रचलित कानुन बमोजिम लगाउने कर एवं गैरकर राजस्व उठाउने कार्यमा स्थानीय तहको अनुरोध अनुसार नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईले सहयोग, समन्वय र सहजीकरण गर्ने ।

१५. स्थानीय तहलाई स्थानीय स्रोत परिचालन गर्ने सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्ला/नगर उद्योग वाणिज्य संघ/इकाईले आवश्यक सहयोग गर्ने, गराउने ।

| | |
|---|---|
| **नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट** | **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको तर्फबाट** |
| ............................................ | ................................................ |
| भवानी राणा | रुद्रसिंह तामाङ |
| अध्यक्ष | सह सचिव |

**मिति : २०७४ सालश्रावण ६ गते शुक्रबार शुभम् ।**